नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल : daoramechhap@gmail.com

पत्र संख्या:- ०७७/०७८
चलानी नं.:-

## रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी

# आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण नेपालमा तिव्रतर बढिरहेको छ । यस जिल्लामा समेत संक्रमण बढ्दै गएको कारण जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला सुरक्षा समितिको मिति २०७८/०२/१८ गतेको निर्णय एवं संक्रमण रोग ऐन, २०२० को दफा २, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ र *कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८"* बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरी मिति २०७८/०२/१९ गते राती १२:०० बजेदेखि मिति २०७८/०२/२६ गते राती १२:०० बजेसम्म रामेछाप जिल्ला भर लागू हुनेगरी यो निषेधाज्ञा आदेश जारी गरिएको छ । यो आदेश उलङ्घन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा सबै क्षेत्रबाट सदा झैं सहयोगको अपेक्षा गर्दछु ।

तपसिलः

## १. निषेध गरिने सेवा तथा कार्यहरुः

क) अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिड्डुल गर्न पूर्ण निषेध गर्ने ।

ख) जिल्ला भित्रिने र वाहिरीने सबै यात्रुवाहक सवारी साधनहरु तथा जिल्ला भित्र चल्ने सबै सवारी साधनहरु ।

ग) जिल्ला भित्रका सबै शैक्षिक संस्था, पठनपाठन र परीक्षा संचालन गर्न ।

घ) सबै प्रकारका भेला, प्रशिक्षण, तालिम, गोष्ठी, पुजापाठ, मेला, महोत्सव, हाटबजार, जात्रा, पर्व, खेलकुद, स्वीमिङ्ग पुल, सपिङमल, मनोरञ्जन स्थल, फूडसल, हेल्थक्लब, जिमखाना, पुस्तकालय, लगायतका कार्यहरु संचालन गर्न ।

ङ) सरकारी निकाय, सार्वजनिक संस्थान र बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने अत्यावश्यक बाहेक दैनिक रुपमा प्रवाह हुने सबै सेवाहरु ।

च) सबै प्रकारका होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस, चिया तथा खाजा पसल, सैलुन, व्युटीपार्लर लगायत सबै पसल तथा व्यवसायहरु ।

छ) विवाह, ब्रतबन्धजस्ता संस्कारका हकमा बढिमा ८ जनासम्म व्यक्ति र बढिमा १ वटा सानो सवारी साधन प्रयोग गरी व्यानरका आधारमा जिल्ला भित्र वा अन्तर जिल्लामा आवत जावत गर्न भन्दा वाहेक अन्य कार्य ।

ज) नित्य पूजा बाहेक अन्य सबै किसिमका देवाली, चण्डी, सामुहिक पुजाआजा लगायत सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु ।

झ) सेवा प्रदायकहरुले सेवाग्राहीका घर आँगनमा पुगी दिने सबै प्रकारका विमा तथा बचत संकलन लगायतका सेवाहरु।

## २. संचालन हुने कार्य र सवारी साधनहरुः

क) खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास, पेट्रोलपम्प, निर्माण सामग्री विक्री वितरण गर्ने पसलहरु लगायतका अत्यावश्यक सेवाका पसलहरु मात्र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्णपालना गरी विहान ०५:००-०८:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ख) औषधी एवम् स्वास्थ्य सामाग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।

ग) राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र जिल्लामा संचालित महत्वपूर्ण आयोजनाहरुको सामग्री ढुवानीको लागि प्रयोग गरिने सवारी साधनहरु । त्यस्ता आयोजनाहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने गरी गरिने निर्माण सम्बन्धी कार्यहरु ।

घ) एम्बुलेन्स, दमकल, शववाहन, खाद्यान्न सामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, पानी, ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, सूचना विभागबाट जारी परिचय पत्रका आधारमा सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधनहरु।

ङ) अस्पताल आउने जाने विरामी र कुरुवाको हकमा सवारी साधन प्रयोग गर्नु परेमा विरामी सहित २ जनासम्मलाई सहजिकरण गरिने जसका लागि वडाको सिफारिस तथा अस्पतालका कागजात सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

च) मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने अवस्थाका व्यक्तिले प्रयोग गर्ने सवारी साधनहरुको हकमा उक्त कार्यको लागि सम्बन्धित वडाको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

## ३. प्रत्येक व्यक्ति, संस्था तथा समुदायले पालना गर्नुपर्ने शर्तहरुः

क) अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरुबाट यस जिल्ला प्रवेश गर्ने जिल्ला भित्रका नागरिकहरुलाई सम्बन्धित पालिका वा वडाको क्वारेन्टिन तथा आइसोलेसनमा राख्ने नामावली सहितको सुनिश्चितता सहित लिखित सिफारिस भएकोमा बाहेक प्रवेश गर्न नदिने । अन्यत्र जिल्लाबाट पैदल प्रवेश गर्नेहरु माथि पनि सम्बन्धित निकायहरुले निगरानी राख् विवरण अद्यावधिक राखे ।

ख) सरकारी निकाय, सार्वजनिक संस्थानहरुले अत्यावश्यक कार्य मात्र न्यूनतम कर्मचारीबाट स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

ग) बैङ्क तथा वित्तीय संस्थाहरुले अत्यावश्यक सेवा प्रवाह गर्दा हप्तामा ३ (तीन) दिन आलोपालो मिलाई न्यूनतम कर्मचारीबाट स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरी दिनको १०:०० बजेदेखि १:०० बजेसम्म मात्र सेवा प्रवाहको व्यवस्था मिलाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

घ) अत्यावश्यक काममा बाहेक घर बाहिर निस्कन र हिड्डुल नगर्ने, अत्यावश्यक काममा घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र निश्चित दुरी कायम गर्ने ।

ङ) आफ्नो घर परिवार र समुदायमा कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएमा शंकास्पद बिरामी भेटिएमा जिल्ला अस्पताल, स्थानीय स्वास्थ्य संस्था र नजिकको प्रहरी यूनिटमा खबर गर्ने ।

च) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट नगर्ने ।

छ) सबै स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्र विवाह र मृत्यू संस्कार गर्ने ।

७८/२/१८

..................

गौलोचन सैजू

प्रमुख जिल्ला अधिकारी

मितिः- २०७८/०२/१८